आकाशवाणी समाचार

November 25th, 2024 Monday

प्रमुख समाचार:

- प्रधानमन्त्री श्री नरेन्द्र मोदीद्वारा विश्वव्यापी सहकारी शिखर सम्मेलनको उद्घाटन
- संसदको दुवै सदनको बैठक एक विशेष व्यापारी समुहमाथि घुसखोरीको आरोप र अन्य विषयमा विपक्षी दलको नाराबाजीका कारण आज दिनभरका लागि स्थगित
- जम्मू कश्मीर उपत्यकाको माथिल्लो भागमा यस यामकै पहिलो हिमपात, हिमपातको रसस्वादन गर्न पर्यटकहरूको ओइरो
- अनि क्रिकेटमा, पर्थमा भएको पहिलो टेस्ट खेलमा भारतद्वारा अस्ट्रेलिया २९५ रनले पराजित

PM Cooperative Conference

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीको भारत मंडपममा अन्तर्राष्ट्रिय सहकारी गठबन्धन-आईसीए विश्वव्यापी सहकारी सम्मेलनको उद्घाटन गर्नुभयो। प्रधानमन्त्रीले भारतको भविष्यको विकास यात्रामा सहकारीले ठूलो भूमिका खेल्ने कुरालाई जोड दिनुभयो। उहाँले सहकारी भनेको नमूना मात्र नभई भारतको संस्कृतिको जग हो भन ुनुभयो। सो अवसरमा श्री मोदीले अन्तर्राष्ट्रिय सहकारी वर्ष २०२५ को सम्झनामा टिकट जारी गर्नुभएको थियो। सम्मेलनमा भुटानका प्रधानमन्त्री श्री दाशो छिरिङ तोब्गे, फिजीका उपप्रधानमन्त्री श्री मानोआ कामिकामिका सहभागी हुनुहुन्थ्यो। अन्तर्राष्ट्रिय सहकारी गठबन्धनको स्थापना सन् १८९५ मा भएको थियो। यसले विश्वव्यापी रूपमा 30 लाख सहकारी उद्यमहरूको प्रतिनिधित्व गर्दछ। यसमा एक अर्बभन्दा बढी सहकारी सदस्य छन्। भारत मण्डपममा छ दिनसम्म चल्ने सम्मेलनमा विभिन्न कार्यक्रम र छलफलका लागि विश्वभरका सहकारीलाई एकै ठाउँमा ल्याइनेछ। यस कार्यक्रममा करिब तीन हजार विदेशी तथा भारतीय प्रतिनिधिको सहभागिता रहने बताइएको छ।

Amit Shah - Cooperative

केन्द्रीय सहकारिता मन्त्री श्री अमित शाहले भारत सहकारी आन्दोलनमा विश्व नेताको रुपमा उभिएको बताउनुभएको छ। एक राष्ट्रिय दैनिकमा प्रकाशित लेखमा श्री शाहले प्रधानमन्त्री श्री नरेन्द्र मोदीको 'सहकार से समृद्धि' मन्त्रको उद्देश्य देशका सहकारी संस्थाहरूलाई आत्मनिर्भर र बलियो बनाउनु रहेको बताउनुभयो।

Parliament

संसदको दुवै सदनको बैठक एक विशेष व्यापारी समुहमाथि घुसखोरीको आरोप र अन्य विषयमा विपक्षी दलको नाराबाजीका कारण आज दिनभरका लागि स्थगित भयो। राज्यसभा अध्यक्ष श्री जगदीप धनखरले विपक्षी दलका सदस्यहरुलाई सदनको बैठक सामान्य रुपमा चल्न दिन आग्रह गर्नुभयो। तर, कोलाहल जारी रहेपछि उहाँले संसद बैठक दिनभरका लागि स्थगित गर्नुभयो। त्यसैगरि लोकसभाको बैठकमा पनि विपक्षी दलका सदस्यहरूले व्यापारिक घरानामाथि घुसखोरीको आरोपसहित विभिन्न विषयमा हल्ला गर्न थालेपछि लोकसभा अध्यक्षले सदनको बैठक दिनभरका लागि स्थगित गर्नुभयो।

PM Parliament

यसअघि प्रधानमन्त्री श्री नरेन्द्र मोदीले संसदको हिउँदे अधिवेशन लाभदायी हुने र त्यसमा रचनात्मक छलफल हुने विश्वास व्यक्त गर्नुभयो। संसदको अधिवेशन अघि सञ्चारकर्मीलाई सम्बोधन गर्दै श्री मोदीले संविधान पारित भएको ७५ वर्ष पुग्नु लगायत धेरै कारणले यो सत्र विशेष हुने बताउनुभयो।

Constitution Day

संविधान जारी भएको ७५ औं वर्षगाँठको उपलक्ष्यमा केन्द्र सरकारले अभियानको घोषणा गरेको छ। यो अभियान भोलिदेखि नोभेम्बर २६, २०२५ सम्म देशभर चल्नेछ। संविधान नोभेम्बर 26, 1949 मा भारतको संविधान सभा द्वारा पारित गरिएको थियो, र यो 26 जनवरी, 1950 मा देशमा लागू भयो। संसदीय मामिला मन्त्री श्री किरेन रिजिजुले नयाँ दिल्लीमा संविधानसभाको केन्द्रीय हलमा भव्य कार्यक्रम आयोजना गरिने जानकारी दिनुभयो। उक्त कार्यक्रममा राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले संसदका दुवै सदनका सदस्यहरुलाई सम्बोधन गर्ने कार्यक्रम छ। श्री रिजिजुका अनुसार यो संसदको मात्र नभई सम्पूर्ण देशको उत्सव हो। संसदीय मामिला मन्त्रीले संविधान दिवसको अवसरमा आयोजना हुने विभिन्न कार्यक्रममा सहभागी हुन सर्वसाधारणलाई आग्रह गर्नुभयो। 'हाम्रो संविधान, हाम्रो स्वाभिमान' अभियानअन्तर्गत यो कार्यक्रम आयोजना गरिने बताइएको छ।

Mandaviya – Padyatra

केन्द्रीय युवा मामिला तथा खेलकुद मन्त्री श्री मनसुख मण्डावियाले आज नयाँ दिल्लीमा हाम्रो संविधान हाम्रो स्वाभिमान पदयात्रामा भाग लिनुभयो। यस अवसरमा केन्द्रीय मन्त्री, सांसद, ओलम्पिक खेलाडी, युवा लगायत सबै सहभागीहरुले संविधानको प्रस्तावनामा सपथ ग्रहण गरेको हाम्रा संवाददाताले जानकारी दिएका छन्।

Jaishankar – MED

विदेशमन्त्री डा एस जयशंकरले आज पश्चिम एसियाको अवस्थामाथि चिन्ता व्यक्त गर्नुभएको छ। उहाँले भारत आतंकवादको निन्दा गर्दछ भन्नुभयो। इटालीको रोममा भएको संवाद सम्मेलनमा आफ्नो टिप्पणी राख्दै डा. जयशंकरले अन्तर्राष्ट्रिय मानवीय कानुनलाई बेवास्ता गर्न सकिँदैन भन्नुभयो। उहाँले युद्धविरामलाई समर्थन गर्न सबै देशलाई आग्रह गर्नुभयो।

Giriraj GI Summit

केन्द्रीय कपडा मन्त्री श्री गिरिराज सिंहले सरकारले देशका धेरै उत्पादनलाई जीआई ट्याग दिने विचार गरिरहेको बताउनुभएको छ। आज नयाँ दिल्लीमा आयोजित एक सम्मेलनमा, श्री सिंहले देशमा GI ट्याग दिन सक्ने यस्ता उत्पादनहरू खोज्नुपर्ने आवश्यकता रहेको धारणा व्यक्त गर्नुभयो ।

Jammu Kashmir – Snowfall

जम्मू कश्मीरको डोडा जिल्लाको भदरवाह सहरमा हिजो वर्षा भएपछि उपत्यकाको माथिल्लो भागमा यस यामकै पहिलो हिमपात भएको छ। हाम्रा आकाशवाणी जम्मू संवाददाताका अनुसार उपत्यकामा वर्षा र हिमपात भएपछि यहाँका जनता निकै खुसी भएका छन् । जम्मू कश्मीरमा लामो समयसम्म सुख्खा मौसमका कारण कृषि क्षेत्र नराम्ररी प्रभावित हुनुका साथै उपत्यकामा हिमपात नहुँदा पर्यटन उद्योग पनि नराम्ररी प्रभावित भएको छ । भदरवाह उपत्यका वरपरका पहाडमा हिमपात भएपछि सर्वसाधारणले राहत पाएका छन् । हिमपातको रसास्वादन गर्न देशका विभिन्न स्थानबाट पर्यटक गुलडाँडा आइरिन थालेका छन् ।

National Milk Day

भारतमा श्वेत क्रान्तिका जनक डा. वर्गीस कुरियनको १०३औँ जन्मजयन्तीको अवसरमा भोलि नयाँ दिल्लीमा राष्ट्रिय दुग्ध दिवस मनाइँदैछ। यस कार्यक्रममा भारतको अर्थतन्त्रमा दुग्ध क्षेत्रको महत्वपूर्ण योगदान र पोषण सुरक्षाका बारेमा छलफल हुने जनाएको छ । कार्यक्रममा देशभरका किसान, दुग्ध संघ र दुग्ध सहकारी संस्थाहरुको सहभागिता रहनेछ ।

Ab Koi Bahana Nahi

सरकारले आज नयाँ दिल्लीमा राष्ट्रिय अभियान अब कोई बहाना नहीं  सुरु गर्दैछ । अभियानले जनता, सरकार र प्रमुख हितधारकहरूलाई महिला हिंसा अन्त्य गर्न आवश्यक कदम चाल्न आह्वान गर्नेछ।  यो महिला तथा बाल विकास मन्त्रालय र ग्रामीण विकास मन्त्रालयको संयुक्त प्रयासमा यो अभियान सञ्चालन हुँदैछ। यसै क्रममा अब कोई बहाना नही नामक चलचित्र पनि प्रदर्शन हुने बताइएको छ ।

ITTF

भारतको अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा आज क्षेत्रीय चलचित्रहरू प्रदर्शन हुँदैछन् । आकाशवाणीसँग कुरा गर्दै कन्नड फिल्म केरेबेटेका अभिनेता तथा निर्माता गौरी शंकर एसआरजीले क्षेत्रीय चलचित्रले  क्षेत्रीय संस्कृतिको गहनतालाई औंल्याउने बताउनुभयो। महोत्सवमा आज करिब ७५ चलचित्र प्रदर्शन हुँदैछन् ।

Cricket

अष्ट्रेलियाको पर्थमा जारी बोर्डर–गावस्कर ट्रफीको पहिलो क्रिकेट टेस्टमा भारतले अस्ट्रेलियामाथि २९५ रनको शानदार जित दर्ता गरेको  छ । जसप्रिस बुमराहलाई प्लेयर अफ द म्याचको उपाधि दिइएको थियो।

अन्त्यमा  यस बुलेटिनका प्रमुख समाचार पुन: एकपटक

- प्रधानमन्त्री श्री नरेन्द्र मोदीद्वारा विश्वव्यापी सहकारी शिखर सम्मेलनको उद्घाटन
- संसदको दुवै सदनको बैठक एक विशेष व्यापारी समुहमाथि घुसखोरीको आरोप र अन्य विषयमा विपक्षी दलको नाराबाजीका कारण आज दिनभरका लागि स्थगित
- जम्मू कश्मीर उपत्यकाको माथिल्लो भागमा यस यामकै पहिलो हिमपात, हिमपातको रसस्वादन गर्न पर्यटकहरूको ओइरो
- अनि क्रिकेटमा, पर्थमा भएको पहिलो टेस्ट खेलमा भारतद्वारा अस्ट्रेलिया २९५ रनले पराजित